मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

वीरगंज, पर्सा

फोन नं. ९८५५०३८७३०
इमेल:agriscienceparsa@gmail.com

पत्र संख्या: २०८१/८२
चलानी नं. : ५२८

मिति: २०८२/०१/२८

विषय: माटो परिक्षण शिविर कार्यक्रम सम्बन्धमा ।

श्री सबै स्थानिय तह
पर्सा, नेपाल

प्रस्तुत विषयमा यस कृषि ज्ञान केन्द्रको आ.व. २०८१/८२ को स्वीकृत माटो स्वास्थय सुधार कार्यक्रम अन्तर्गत यस कृषि ज्ञान केन्द्र र माटो तथा मल परिक्षण प्रयोगशाला, राजविराज, ससरीको सहकार्यमा माटो परिक्षण शिविर कार्यक्रम तपसिल मिति र स्थानमा सञ्चालन हुने भएकाले किसाकहरुलाई सहज हुने स्थानमा सम्बन्धीत पालिकाहरुले किसानबाट माटोको नमुना सङ्कलन गराई सहजिकरण गरिदिनु हुन अनुरोध छ । साथै माटोको नमूना लिने तरिका तथा माटो नमूना साथ हुन पर्ने विवरण फारम यसै पत्रमा संलग्न राखी पठाइएको व्यहोरा जानकारिको लागि अनुरोध छ

मिति: २०८२/०२/०५ गते (सोमबार)-पर्सागढी नगरपालिका
मिति: २०८२/०२/०६ गते (मङ्गलबार)- पोखरिया नगरपालिका
मिति: २०८२/०२/०७ गते (बुधबार) -जिराभवानी गाउँपालिका


बोधार्थ:
माटो तथा मल परिक्षण प्रयोगशाला, राजविराज, ससरी, नेपाल


...................................
राम जीवन ठाकुर
नि. प्रमुख
राम जीवन ठाकुर
निमित्त प्रमुख

# माटोको नमूना संकलन गर्ने तरिका

## अन्न तथा तरकारी बालीका लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार पार्ने।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।









सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोका नमूना करिब १/२ के.जी. नभएसम्म दोहोऱ्याउने। आधा के.जी माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने।







छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने। माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडांमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोऱ्याउने।




यसरी तयार गरेको माटोलाई सफ प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने।

**माटोको नमूना परिक्षण गर्न पठाउँदा निम्न अनुसारको विवरण हुनु पर्छ।**

नाम :........................................

ठेगाना :........................................

खेतको नाम वा कि.नं. :........................................

लगाउने बाली :........................................

सिंचीत वा असिंचीत जग्गा :........................................

# माटो नमूना साथ हुनु पर्ने विवरण

१. कृषकको नाम :

२. ठेगाना : जिल्ला................ गा.पा./न.पा............................वडा नं....

३. लगाउने बालीको नाम :.............................. जात.......................

४. खेतको नाम वा कित्ता नं...........

५. सिंचाईको अवस्था : सिंचित वा असिंचित

६. देखा परेको समस्या :

७. नमूना सङ्कलन मितिः-

८. सम्पर्क नं.ः-